प्रदेश नं.३

# पञ्चकन्या गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### लाकुरीभञ्याङ, नुवाकोट

# सिलबन्दी बोलपत्र आह्वानसम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति: २०७५।११।२७**

१. पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृत कार्यक्रमबाट तपसिलमा उल्लेखित कार्य सिलबन्दी बोलपत्र आह्वान गरी घलेभञ्ज्याङ-कालिकास्थान-राष्ट्रिय मा.वि. सडक खण्ड ग्राभेल गर्ने कार्य गराउनुपर्ने भएकोले इजाजतप्राप्त इच्छुक निर्माण व्यवसायीहरूबाट खरीद प्रक्रियामा सहभागी हुन आह्वान गरिएको छ।

२. योग्य बोल पत्रदाताहरूले यससम्बन्धी थप जानकारीको लागि पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट तयार पारिएको बोलपत्रसम्बन्धी कागजातको अध्ययनबाट प्राप्त गर्न सकिनेछ।

३. सिलबन्दी बोलपत्र फाराम दस्तुर तपसिलमा उल्लेख भएअनुसार फिर्ता नहुने गरी नगदै बुझाई सोको नगदी रसिदसहित निवेदन पेश गरी मिति २०७५।१२।२६ गतेसम्म कार्यालय समयभित्र यस कार्यालयबाट खरीद गर्न सकिनेछ। तथा सार्वजनिक खरीद अनुगमन कार्यालयको Website Centralize EGP Portal: www. bolpatra.gov.np/egp मार्फत् पनि गर्न सकिनेछ।

**बोलपत्र बिक्रीको रकम दाखिला गर्ने बैंक खातासम्बन्धी विवरण:**

**बैंकको नाम: नेपाल बैंक लिमिटेड, विदुर शाखा, नुवाकोट**

**पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको कोष खाता नं.: ०२६०३००००००००४००१०७८**

**खाता सञ्चालन गर्ने कार्यालय: पञ्चकन्या गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट**

४. यस कार्यालयबाट खरीद गरी तयार पारिएको बोलपत्र सिलबन्दी गरी खाममा कामको विवरण, ठेक्का नं., बोलपत्रदाता फर्मको नाम, ठेगाना प्रष्टसँग लेखी दस्तखत र छाप लगाई कार्यालयलाई सम्बोधन गरेको बोलपत्र मिति २०७५।१२।२७ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। तथा सार्वजनिक खरीद अनुगमन कार्यालयको Website Centralize EGP Portal: www.bolpatra.gov. np/egp मार्फत् Upload गर्न सकिनेछ।

५. प्राप्त सिलबन्दी बोलपत्रहरू मिति २०७५।१२।२७ गते दिनको २:००बजे कार्यालयका प्रतिनिधिहरू र निर्माण व्यवसायी वा निजको प्रतिनिधिको रोहवरमा पञ्चकन्या गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लाकुरीभञ्ज्याङमा खोलिनेछ। निर्माण व्यवसायी वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्नेछैन।

६. सिलबन्दी बोलपत्रसाथ मूल्य अभिवृद्धि कर प्रमाण पत्र र इजाजत प्रमाण पत्र (आ.व.२०७५।०७६ को लागि नवीकरण भएको) तथा आ.व. २०७४।०७५ सालको आन्तरिक राजश्व कार्यालयबाट प्राप्त करचुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी वा आन्तरिक राजश्व कार्यालयमा कर दाखिला गरेको कागजात संलग्न भएको हुनुपर्नेछ।

७. बोलपत्र पेश गर्दा बोलपत्रका साथ तपसिलमा उल्लेखित धरौटी रकम पञ्चकन्या गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोटको नेपाल बैंक लिमिटेड त्रिशुली शाखामा रहेको हि.नं. ०२६०३०००००००३०००१२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा सोही रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको नेपाल राष्ट्र बैंकबाट स्वीकृतप्राप्त क वर्गको वाणिज्य बैंकबाट कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि १२० दिन (२०७६।०३।२३)सम्म म्याद भएको बैंक जमानी पत्र (Bid Bond) को सक्कलै प्रति अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

८. सिलबन्दी बोलपत्रसम्बन्धी कार्य यससँगै प्राप्त भएको कागजात (Bidding Document) अनुसार हुनेछ। बोलपत्रसम्बन्धी कागजात (Bidding Document) मा छुट भएको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ। यससम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको सम्पर्क नं. ९८५१२३०१४१ बाट जानकारी प्राप्त गर्न सकिनेछ।

९. सिलबन्दी बोलपत्र खरीद गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खोलेको दिनमा खरीद गर्न र सोको भोलिपल्ट १२:०० बजेभित्र दर्ता गर्न सकिनेछ। त्यस्तै दर्ता गर्ने अन्तिम दिन बिदा परेमा बिदापछि लगत्तै कार्यालय खोलेको दिनको १२:०० बजेभित्र दर्ता गर्न सकिनेछ।

१०. सिलबन्दी बोलपत्रदाताहरूलाई आफ्नो बोलपत्र बुझाउनु अगाबै यस कार्य सम्बन्धित विभिन्न सम्भावित जोखिमप्रति जानकारी लिनको लागि घलेभञ्ज्याङ-कालिकास्थान-राष्ट्रिय मा.वि. सडकखण्डको स्थलगत निरीक्षण गर्नको लागि सुझाव दिइएको छ। रित नपुगी र म्याद नाघी आएको बोलपत्रउपर कुनै कारबाही हुनेछैन।

१२. कुनै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

**तपसिल:**

| ठेक्का नं. | कामको नाम | लागत अनुमान (मू.अ.कर र कन्टिजेन्सी बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| PRM-04-075/076 | घलेभञ्ज्याङ-कालिकास्थान-राष्ट्रिय मा.वि. सडकखण्ड ग्राभेल गर्ने कार्य | १,०३,४४,३५१।४८ | २,९३,०००।०० | रू.३,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**